कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था
कैलाली । ०७७ वैशाख १० गते
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १० गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** कोरोना भाइरसको आशङ्कामा क्वारेन्टाइनमा रहेका १९ वर्षीय व्यक्तिको बान्नीगढी जयगढ गाउँपालिकाका स्वास्थ्यकर्मीले वैशाख ९ गते आरडिटी परीक्षण गर्दा एन्टीबडी पोजेटिभ देखिएको गाउँपालिका स्वास्थ्य शाखा प्रमुख वसन्तबहादुर रावलले जानकारी दिनुभयो । पोजेटिभ रिपोर्टपछि वयलपाटा अस्पतालको आइसोलेशन कक्षमा राखिएको र स्वाब सङ्कलन गरेर पिसिआर परीक्षणका लागि पठाउने तयारी भइरहेको रावलको भनाइ छ । पोजेटिभ देखिएका ती युवक डडेल्धुराबाट आएको भनेएतापनि काठमाडौँबाट आएको पुष्टि भएपछि पाँच दिनदेखि गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइनमा राखिएको थियो । जिल्लाभरी हालसम्म २ सय ५३ जनाको आरडिटी र २ सय ३६ जनाको पिसिआर परीक्षण गरिएको छ ।
जिल्ला बाहिरबाट जिल्ला फर्किएका २० जना व्यक्तिलाई जिल्लास्थित विभिन्न स्थानीय तहमा निर्माण गरिएका क्वारेन्टाइनमा राखिएको छ । पञ्चदेवल विनायक नगरपालिकामा ६ पुरूष, रामारोशन गाउँपालिकामा ६ पुरुष, तुर्माखाँद दुई जना र बान्नीगढी जयगढ गाउँपालिकामा ६ जनालाई क्वारेन्टाइनमा राखिएको जिल्ला स्वास्थ्य कार्यालय, अछामका सूचना अधिकारी देव जोशीले जानकारी दिनुभयो । हाल दुई जनालाई वयलपाटा अस्पतालको आइसोलेशनमा राखिएको छ । कोरोना भाइरस सङ्क्रमणलाई ध्यानमा राख्दै १० ओटा एम्बुलेन्स तयारी अवस्थामा राखिएका छन् । जिल्ला अस्पताल, वयलपाटा अस्पताल, कमलबजार, पञ्चदेवल विनायक नगरपालिका र बान्नीगढी जयगढ, चौरपाटी, मेल्लेख, ढकारी, रामारोशन गाउँपालिका, भैरवस्थान स्वास्थ्य चौकीमा एम्बुलेन्स सञ्चाललित अवस्थामा रहेको जिल्ला स्वास्थ्य कार्यालय अछामले जानकारी दिएको छ । आकस्मिक रूपमा कुनै बिरामीलाई लिन ल्याउन एम्बुलेन्स तयारी अवस्थामा रहेको स्वास्थ्य कार्यालयका प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो ।
सदरमुकामस्थित मंगलसेन नगरपालिकाले आफूखुसी राहत सामग्री वितरण नगर्न वैशाख १० गते सूचना जारी गरेको छ । राहत वितरणमा दोहोरोपना, छुट्ने र विभेद हुनसक्ने भन्दै नगरपालिकाले स्थानीय तहसँगको समन्वयमा राहत वितरण गर्नसमेत नगरपालिकाद्धारा जारी सूचनामा उल्लेख छ । नगर प्रमुख पदमबहादुर बोहराबाट जारी सूचनामा राहत वास्तविक लक्षित वर्गमा पुग्नका लागि नगरपालिकामा राहत कोषमा रकम र खाद्य सामग्री हस्तान्तरण गर्न आग्रह समेत गरिएको छ ।
लकडाउनका क्रममा व्यक्तिको आवतजावत नियन्त्रण गर्न मेल्लेख गाउँपालिकाको ठाँटी र ऋषिदह सीमा नाकामा १८ जना स्वयमसेवक परिचलान गर्ने निर्णय कार्यपालिका बैठकले वैशाख ९ गते गरेको छ । राहत वितरणका लागि तीन दिनभित्र तथ्याङ्क सङ्कलन गर्ने, गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक र कर्मचारीले चार दिन बराबरको पारिश्रमिक गाउँपालिकाको राहत कोषमा जम्मा गर्ने, नेपालबाहिर रहेका मेल्लेखका नागरिकलाई राहत दिन सङ्घीय र प्रदेश सरकारसँग सहयोग गर्ने निर्णय भएको गाउँपालिका अध्यक्ष लोकबहादुर बोहराले जानकारी दिनुभयो ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** डडेल्धुरा बसेर अछाम गएकी एक युवतीमा आरडिटी पोजेटिभ देखिएपछि आफन्तहरूको आरडिटी परीक्षण गरिएको छ । अछामको वान्नीगढी

गाउँपालिका- ३ की २० वर्षीया युवतीको आरडिटी परीक्षण गर्दा पोजिटिभ रिपोर्ट आएपछि उनका डडेल्धुरामा बस्ने सात जना आफन्तसहित ३६ जनामा आरडिटी परीक्षण गरिएको स्वास्थ्य कार्यालय, डडेल्धुराले जनाएको छ । अछाम गएपछि युवतीमा आरडिटी पोजेटिभ देखिएकाले जिल्लाको अमरगढी नगरपालिका - ६ छचोडामा रहेका उनका सात जना आफन्तकोसमेत आरडिटी गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय, डडेल्धुराका भेक्टर कन्ट्रोलर सुपरभाइजर हरिप्रसाद भट्टले जानकारी दिनुभयो । ३६ जनामध्ये पाँच जना डडेल्धुराको मंगलबार पुगेका थिए भने ती युवती चैत ९ गते डडेल्धुरा आएर वैशाख ६ गते अछाम फर्किएको बुझिएको भट्टले बताउनु भयो । उनको सम्पर्कमा आएका अन्य पाँच जनाको आरडीटी परीक्षण गरिने भेक्टर कन्ट्रोलर सुपरभाइजर भट्टको भनाइ छ । युवतीको आरडीटी परीक्षण पोजेटिभ देखिएपछि थ्रोट स्वाब सङ्कलन गरी परीक्षणका लागि धनगढी पठाइएको छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** जिल्लाका ६ ओटै स्थानीय तह क्रमसः महाकाली नगरपालिका, अपिहिमाल गाउँपालिका, मार्मा गाउँपालिका, नौगाड गाउँपालिका, दुहुँ गाउँपालिका र व्यास गाउँपालिकाले जिल्लाबाहिर रहेका नागरिकलाईसमेत राहत वितरण गर्ने तयारी गरेका छन् । अध्ययन तथा रोजगारी र विभिन्न कामको सिलसिलामा जिल्लाबाहिर रहेका नागरिकको तथ्याङ्क सङ्कलनदेखि राहत र उद्धारको लागि यहाँका स्थानीय तहले तयारी थालेका छन् । लकडाउनको समय अझै अनिश्चितरहेको भन्दै जिल्लाबाहिर र देशबाहिरका आफ्ना नागरिकको अवस्थाबारे जानकारी लिन थालिएको अपिहिमाल गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले बताउनु भयो । अप्ठरोमा परेका व्यक्तिको उद्धार र राहतको लागि गाउँपालिकाले सम्पर्क व्यक्ति तोकेर तथ्याङ्क लिने तथा उनीहरूको अवस्थाबारे जानकारी लिने काम सुरू गरिएको अध्यक्ष मन्यालको भनाइ छ ।
गाउँ कार्यपालिका बैठकबाट राहत र उद्धारको लागि सम्पर्क व्यक्ति तोकिएका छन् । गाउँपालिकाले काठमाडौँमा रहेका आफ्ना नागरिकलाई राहत र उद्धारको लागि हरकसिह धामी र कमलेश रोकायालाई स्रोत व्यक्ति तोकेको छ । यसैगरी धनगढी,महेन्द्रनगर र नेपालगञ्जमा रहेका व्यक्तिलाई राहत र उद्धारको लागि सोबनसिह लोथ्याल र शान्ति धामीलाई सम्पर्क व्यक्ति तोकएको निमित्त प्रमुख प्रशासकीय अधिकृत लक्ष्मणसिंह धामीले जानकारी दिनुभयो । अपिहिमाल गाउँपालिकाकाका ६ सय ५० बढि व्यक्ति गाउँपालिका बाहिर रहेको प्रारम्भिक तथ्याङ्क छ ।
यसैगरी मार्मा गाउँपालिकाले पनि जिल्लाबाहिर रहेका आफ्ना नागरिकको राहत उद्धारको लागि सम्पर्क व्यक्ति तोकेको छ । कोभिड- १९ का कारण काठमाडौं र धनगढीलगायतका शहरमा आफ्ना नागरिक अलपत्र पर्न नदिन सम्पर्क व्यक्ति तोकिएको गाउँपालिका अध्यक्ष जमनसिह धामीले जानकारी दिनुभयो । गाउँपालिकाले काठमाडौँको लागि अकबरसिंह ठगुन्ना, नरबहादुर विष्ट, धनगढी र कञ्चनपुको लागि प्रेमसिह धामीलाई जिम्मेवारी तोकेको छ । अध्ययन र कामको सिलसिलामा जिल्लाबाहिर रहेर दैनिक खान बसन समस्या भएको अवस्थामा राहत र उद्धारको लागि सम्पर्क व्यक्ति तोकिएको गाउँपालिकाले जनाएको छ ।
यसैगरी दुहुँ गाउँपालिकाले लकडाउनको अवधिमा जिल्लाबाहिर रहेका विद्यार्थीलाई राहत दिने भएको छ । अध्ययनको सिलसिलामा जिल्लाबाहिर रहेका विद्यार्थीलाई गाउँपालिकाले नगद राहत दिने निर्णय गरेको गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो । गाउँपालिकाले जिल्लाबाहिर रहेका आफ्ना स्थानीय तहका विद्यार्थीलाई आ-आफनो वडामा सम्पर्क गर्न तथा वडालाई जिल्लाबाहिर अध्ययनको क्रममा रहेका विद्यार्थीको सूची तयार गर्न निर्देशन गरेको छ । लकडाउनअवधिमा विद्यार्थीलाई समस्या श्रर्जना हुँन नदिन नगदै विद्यार्थीलाई राहत दिन लागिएको हो । अलपत्र परेका

विद्यार्थीहरूले आफ्नो परिचय पत्र र व्यक्तिगत खाता नम्बर उपलब्ध गराउँन गाउँपालिकाले आग्रह गरेको छ ।
यसैगरी महाकाली नगरपालिकाले देशका विभिन्न ठाउँमा अलपत्र परेका श्रमिकले आफ्नो वडा अध्यक्षलाई सम्पर्क गरी आफ्नो अवस्थाबारे विस्तृत जानकारी गराउन नगरपालिकाले अनुरोध गरेको छ ।
नौगाड गाउँपालिकाले पनि जिल्लाबाहिर रहेका व्यक्तिलाई गाउँपालिकामा ल्याउनका लागि पहल भइरहेको जनाएको छ । गाउँपालिकाले राहत तथा उद्धारको लागि काठमाडौँमा डबलसिह धामी, कैलाली र कञ्चनपुरको लागि दानसिह धामीलाई श्रोत व्यक्ति तोकिएको गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले बताउनुभयो ।
व्यास गाउँपालिकाले कैलाली र कञ्चनपुरको लागि धनराज कुँवर र अन्य क्षेत्रको लागि दिपक खातीलाई जिम्मेवारी दिइएको गाउँपालिकाले जनाएको छ ।
दार्चुलाबाट प्रदेश सभा सदस्यमा निर्वाचित हुनु भएका गणेशसिह ठगुन्नाले पनि काठमाडौँलगायतका क्षेत्रमा लकडाउनका कारण समस्यामा परेका व्यक्तिहरूले सम्पर्क गर्न आफ्नो नम्बर सार्वजनिक गरेका छन् ।
व्यास गाउँपालिका, मालिकार्जुन गाउँपालिका, र महाकाली नगरपालिकाले अहिले पहिलो चरणको राहत वितरण सुरू गरेका छन् भने नौगाड र मार्मा गाउँपालिकाले दोस्रो चरणको राहत वितरणको तयारी गरेको नौगाड गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले बताउनु भयो । दोस्रो चरणको राहत वितरणको लागि वडा तहमा तथ्याङ्क सङ्कलनको काम सुरू गरिएको अध्यक्ष धामीको भनाइ छ ।
अपिहिमाल गाउँपालिकाले कोराना भाइरस रोकथाम तथा नियन्त्रण व्यवस्थापनको लागि २५ लाख रूपियाँ बजेट विनियोजन गरेर विपद कोष स्थापना गरेको छ ।
भारत पिथौरागढको धार्चुलास्थित मिनिस्टेडियमा तीन सातादेखि क्वारेन्टाइनमा बस्दै आएका नेपालीहरूमध्ये सात जना वैशाख १० गते महाकाली नदी पौडीखेलेर नेपाल प्रवेश गरेका छन् । महाकाली तरेर नेपाल आउनेहरूमा दार्चुला नौगाड गाउँपालिका- ५ का २३ वर्षीय मानबहादुर टमटा, २२ वर्षीय सुरेन्द्र टमटा, नन्दराम टमटा, पुष्करराम टमटा, सोही गाउँपालिका- ६ का कासीराम कामी, हरिश टमटा, पुष्कर टमटा, गणेश कामी र सोही गाउँपालिकाका-४ का उमेश ठगुन्ना रहनु भएको छ । जिल्ला सदरमुकाम खलंगाको डुमपानी क्षेत्रबाट नेपाल प्रवेश गरेका नौ जनालाई वैशाख १० गते नै नौगाड गाउँपालिकाकै क्वारेन्टाइनमा राख्ने गरी पठाइएको छ ।
सरकारले सुरक्षित रूपमा घर फर्काउन चासो नदिएपछि आफूहरूले ज्यानको बाजी थापेर महाकाली नदी तरेर स्वदेश भित्रिएको उनीहरूले बताएका छन् । तीन सातादेखि भारतीय क्वारेन्टाइनमा बस्दै आएका सात जना नेपाली वैशाख १० गते विहान ७ बजे महाकालीमा पौडिएर नेपाल भित्रिएको महाकाली नगरपालिका विपद व्यवस्थापन समिति संयोजक भुवन जोशीले जानकारी दिनुभयो । नेपाल भारत लकडाउन भएदेखि महाकाली नदी तरेर हालसम्म झण्डै २ सय बढि व्यक्ति महाकाली तरेर स्वदेश फर्किएका छन् । भारतको धार्चुलास्थित विभिन्न पाँच स्थानमा तयार गरिएका क्वारेन्टाइनमा झण्डै १ हजार बढि नेपाली तीन सातादेखि बस्दै आएका छन् । उनीहरूले आफूहरूलाई भारतीय क्वारेन्टाइनमा बस्न,खान समस्या हुँनुको साथै सङ्क्रमण फैलिन सक्ने जोखिम बढेकोले नेपालमा ल्याई नेपालकै क्वारेन्टाइनमा राख्न अनुरोध गर्दै आएका छन् ।
भारतबाट अवैध रूपमा महाकाली नदी तरेर आउने नेपालीलाई रोक्नको लागि जिल्लाको लालीदेखि व्यासको डोकटसम्म पछिल्लोसमय नेपाल प्रहरीसँगै सशस्त्र प्रहरीको अस्थायी पोष्ट राखिएका छन् ।

सशस्त्र प्रहरीले नौ ठाउँमा अस्थायी पोष्ट राखेर सीमामा निगरानी गरिरहेको भएपनि नेपाल भित्रिने क्रम रोकिएको छैन् ।
प्रहरीले नेपाल भारत आवतजावत गराउने गरेको भन्दै एक जना ट्यबु सञ्चालक करन टमटाविरूद्ध मुद्धा दर्ता गरेको छ । जिल्ला प्रहरी कार्यालय, दार्चुलाका इन्स्पेक्टर भास्कर चन्दका अनुसार लकडाउनपछि हालसम्म विभिन्न स्थानबाट २८ थान ट्यबु नियन्त्रणमा लिइएको छ । यसअवधिमा १२ सवारी साधन र ५२ जनालाई लकडाउन उल्लङ्घन गरेको भन्दै नियन्त्रणमा लिएर सम्झाइबुझाइ पठाइएको इन्स्पेक्टर चन्दको भनाइ छ ।
महाकाली नगरपालिकाको महेन्द्र नमूना मावि खलंगाबाट वैशाख १० गते ६ जनाको विदाई गरिएको छ । क्वारेन्टाइनमै तीन सातासमय बिताएका ६ जनालाई विदाई गरिएको हो । विदाईको क्रममा उनीहरू विदाई खुसी भएर जाउँन भन्ने उद्देश्यले महाकाली नगरपालिका विपद् शाखाले विदाई समारोहमा नृत्य प्रतियोगिता गरेको विपद् शाखा संयोजक भुवन जोशीले बताउनुभयो । नृत्य प्रतियोगितामा डडेल्धुराका दिपकसिह धामी प्रथम, बैतडीका लालबहादुर नेगी द्धितीय र दार्चुलाका रूपसिह सितोली तृतीय भएका छन् । उनीहरूलाई विपद् शाखामा खटिएका कर्मचारीहरूले आफ्नो भत्ताबाट ज्याकेट उपहार दिएका छन् । प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने व्यक्तिहरूलाई नगर प्रमुख हंशराज भट्टले ज्याकेट हस्तान्तरण गरेका हुन् । क्वारेनटाइन अवधिमा उनीहरूमा कोराना भाइरसको कुनै लक्षण नदेखिएकाले स-सम्मान विदाई गरिएको नगर प्रमुख भट्टले बताउनुभयो । नगरपालिकाको क्वारेन्टाइनबाट विदा भएपछि उनीहरूलाई एकसाता होम क्वारेन्टाइनमा रहन नगर प्रमुख भट्टले आग्रह गर्नु भएको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** जिल्ला सदरमुकाम गोठलापानीस्थित जगन्नाथ बहुमूखी क्याम्पसमा रहेको क्वारेन्टाइनमा बसेका व्यक्तिहरूले कोठा भित्रै शौच गर्नुपर्ने बाध्यता रहेको गुनासो गर्नु भएको छ । बेलुकी ८ बजेतिर आफूहरू बस्ने कोठाको बाहिरबाटै ताल्चा लगाएर त्यहा खटिएका कर्मचारीहरू सुत्ने गरेकाले आफूहरू कोठा भित्रै बाल्टिनमा शौच गर्न बाध्य भएको क्वारेन्टाइनमा बस्दै आएका दशरथचन्द नगरपालिका- ६ सुकुटीका योगेशराम लुहारले बताउनु भयो ।
उहले भन्नु भयो-' सबै कोठामा ताला लगाउ छन् । राती दिसापिसाब लागेपछि कोठाभित्रै गर्नु पर्ने बाध्यता छ । क्वारेन्टाइन डियूटीमा खटिएका कर्मचारीलाई भन्दा कोठाभित्रै बोतलमा पिसाब फेरिदिनु भन्नु हुन्छ ।'
एउटै कोठमा ५ देखी ८ जनासम्म एकै कोठामा बस्नु पर्ने र शौचालय पनि एउटै मात्र भएको उनीहरूको गुनासो रहेको छ ।
क्वारेन्टाइनमा बस्दै आएका सबैजनाले एउटै शौचालय प्रयोग गर्नुपर्ने बाध्यता रहेको क्वारेन्टाइनमा रहेका दशरथचन्द नगरपालिका- ७ का केशवदत्त बडुले बताउनु भयो । बडुका अनुसार भारतबाट आएका र महेन्द्रनगर पढ्न बसेकाहरूलाई एकै ठाउमा राखिएको छ । वडाकै क्वारेन्टाइनमा बस्छौ भनेर पुगेका आफूहरूलाई ६ दिन वडामा राखेर सदरमुकाम ल्याइएको बडुको भनाइ छ ।
वैशाख १० गतेसम्म तीन महिलासहित १६ जना क्वारेन्टाइनमा भुइमा बिना दुरी बसिरहेका र साबुन , तावेलको पनि राम्रो व्यवस्था नभएको दशरथचन्द नगरपालिका- ६ नक्तडीका मनोज पन्तले बताउनु भयो । पन्तका अनुसार क्वारेन्टाइन भित्र दुरी पनि कायम गरेर राखिएको छैन । सात दिनदेखि क्वारेन्टाइनमा बस्दै आएका पन्तले साँझ ढोकामा ताला लगाएर गइदिने गरेपछि आफूहरू दिसापिसाबको लागि बाहिर जान नपाउने गरेको गुनासो गर्नु भयो । कोठा भित्रै बाल्टिनमा गर्नु भनेर भन्ने गरेका र रातीको समयमा कोठा भित्रै शौच गर्ने गरिएको उनको भनाइ छ । सुत्ने कोठामै

राखिएको बाल्टिनमा दिशापिसाब गर्नु पर्दा गन्धले रातभरी सुत्नै नसकिने अवस्था रहेको पत्तले दुखेसो पोख्नु भयो । आफू क्वारेन्टाइनमा अवलोकनको लागि जाँदा बाहिरबाट ताला लगाइ दिनेगरेको र बाल्टिनमै पिसाब गरेको गुनासो क्वारेन्टाइनमा बस्ने व्यक्तिहरूले आफूलाई गरेको दशरथचन्द नगरपालिकाकी उपप्रमुख मिना चन्दले बताउनु भयो । विभिन्न क्वारेन्टाइनमा राखिएका व्यक्तिहरू भग्ने गरेका कारण यहा पनि रातीको समयमा कोठामा ताला लगाउने गरिएको भए पनि आगामी दिनमा ताला नलगाउन आफूले भनेर आएको चन्दको भनाइ छ ।
सुरक्षा र स्वास्थ्यको लागि फरक–फरक स्थानमा राख्दा गाह्रो भएकोले सरकारको एकिकृत निर्णय अनुसार सबै वडाकालाई एकै ठाँउमा राख्ने योजना अनुसार वडाकालाई पनि सदरमुकाममै रहेको क्वारेन्टाइनमा राखिएको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्रसिंह नेगीले बताउनु भयो । कोठाभित्रै शौचालय गराउने गरेको भन्ने विषयमा आफूले बुझ्ने नगीको भनाइ छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) नियन्त्रणका लागि जारी गरिएको लकडाउनका क्रममा विपन्न तथा अपाङ्गताभएका परिवारमा आर्थिक सङ्कट श्रर्जना भएको छ । यसैक्रममा शुक्लाफाँटा नगरपालिकाले विपन्न तथा अपाङ्गता भएका परिवारलाई राहत वितरण गरेको छ । लकडाउनका क्रममा अपाङ्गता भएका तथा दैनिक मजदुरी गरी जिवन निर्वाह गर्ने व्यक्ति र परिवारलाई समस्या नहोस भन्ने उद्देश्यकासाथ राहत वितरण गरिएको शुक्लाफाँटा नगर पालिकाका उपप्रमुख तुलसी हमालले बताउनु भयो । नगर भित्रका १९ जना विपन्न तथा अपाङ्गता भएका परिवारहरूलाई चामल,दाल,चिनि र सावुन राहत वितरण गरिएको उपमेयर हमालले जानकारी दिनुभयो । उहाँका अनुसार चामल ३० किलो, दाल तीन किलो, तेल दुई लिटर, चिनी दुई किलो, नुन दुई प्याकेट र सावुन चाँर पिस वितरण गरिएको छ । राहत वितरण गर्न नगरप्रमुख दिल बहादुर ऐर,उपप्रमुख तुलसी हमाल र विभिन्न वडाका वडा अध्यक्षहरू आफै वडाहरूमा पुग्ने गर्नु भएको छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** जिल्लामा ५१ ओटा आइसोलेसन बेड रहेका छन् । एक जनालाई जिल्ला अस्पताल,डोटीको आइसोलेसनमाराखि उपचार भइरहेको छ भने उहाँको थ्रोट स्वाब नमूना परीक्षणका लागि धनगढी पठाइएको छ । वैशाख १० गतेसम्म १ हजार ४ सय ८३ जनाको आरडिटि परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय, डोटीका कोभिड -१९ सम्पर्क व्यक्ति सुर्य बिष्टले बताउनु भयो । जिल्लास्थित स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा पीपिइ सेट , थर्मल गन,गल्बस, माक्स र सेनिटाइजनरको अभाव रहेको उहाँले बताउनु भयो । विश्वभरी महामारीको रूपमा फैलिएको कोराना भाइरस रोकथाम तथा नियन्त्रणका लागि लकडाउन गरिएको भएपनि जिल्लामा पूर्णरूपमा पालना भएको छैन् ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिम प्रदेशको अस्थायी राजधानी धनगढीस्थित सेती प्रादेशिक अस्पतालको आइसोलेसनमा उपचाररत कञ्चनपुर जिल्ला बेदकोट नगरपालिकाका ४१ वर्षीय पुरूषको तेस्रो र चौथो रिपोर्ट नेगेटिभ आएपछि उनलाई वैशाख १० गते अस्पतालबाट डिस्चार्ज गरिएको छ । यसअघि कैलालीको लम्की चुहा नगरपालिकाका २१ वर्षीय युवक र धनगढी उप-महानगरपालिका- ५ का ३४ वर्षीय सङ्क्रमित युवकलाई निकोभएपछि अस्पतालले डिस्चार्ज गरिसकेको छ । अहिले धनगढी उपमहानगरपालिका- ५ की ३४ वर्षीया महिला र लम्की चुहा नगरपालिका- १ की ६५ वर्षीया महिलाको सेती प्रादेशिक अस्पतालको आइसोलेसनमा उपचार भइरहेको

छ । अन्य चार जना शङ्कास्पद बिरामीकोसमेत सेती प्रादेशिक अस्पतालको आइसोलेसनमा उपचार भइरहेको छ ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**